मितिः २० चैत्र २०८२

**शासकीय सुधार कार्यसूची उपर जवाफदेहिता निगरानी समितिको धारणा ।**

नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८२ चैत १३ को बैठकमार्फत निर्णय गरी शासकीय सुधारसम्बन्धी एक सय मापनयोग्य कार्यसूची सार्वजनिक गरिनुलाई जवाफदेहिता निगरानी समितिले सकारात्मक रूपमा लिएको छ । कार्यसूचीमा समेटिएका दलित तथा वहिष्करणमा परेका समुदायप्रति औपचारिक क्षमायाचना देखि सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउने लगायतका कार्यसूचीहरू यथोचित रूपमा कार्यान्वयन भए नेपालको संविधानअन्तर्गत प्रत्याभूत मौलिक हकलाई सकारात्मक प्रभाव पार्ने देखिन्छ ।

तथापि, सय विषयको कार्यसूची तयार पारिँदा पनि सरकारले संक्रमणकालीन न्याय प्रक्रियालाई अनदेखा गरेको देखिन्छ। दशक लामो सशस्त्र द्वन्द्वका पीडितहरूको सत्य, न्याय र परिपूरणको अधिकार शीघ्रातिशीघ्र सम्बोधन गर्नुपर्ने जस्तो पेचिलो राष्ट्रिय अभिभारलाई स्थान नदिनु आश्चर्यजनक छ। हजारौँ–लाखौँ द्वन्द्वपीडितहरू दुई दशकभन्दा बढी समयदेखि न्यायको प्रतीक्षामा छन्। उनीहरूले संक्रमणकालीन न्यायसम्बन्धी कानुनमा रहेका दण्डहीनतामुखी गम्भीर त्रुटिहरूलाई संशोधनमार्फत सुधार गर्नुपर्ने तथा विश्वसनीय प्रक्रियाका आधारमा सत्य निरूपण तथा मेलमिलाप आयोग एवं बेपत्ता नागरिक छानबिन आयोगमा पदाधिकारी नियुक्त गर्नुपर्ने लगायतका जायज मागहरू राख्दै आएका छन्। उनिहरुको मागअनुरुप प्रतिस्पर्धी तथा पारदर्शी नियुक्ति प्रक्रिया सुनिश्चित गर्नुका साथै आयोगको कार्यप्रणाली पीडित–केन्द्रित तथा मैत्री बनाउन आवश्यक छ।

संक्रमणकालीन न्याय प्रक्रियालाई स्थापित मूल्य–मान्यता र पीडित समुदायको भावनाअनुसार विश्वसनीय ढंगले सञ्चालन गर्न चुक्दा नै दण्डहीनता मौलाएको मात्रै होइन, यसको असफलताले बलिदानीपूर्ण जेन–जी आन्दोलन निम्त्याएको देखिन्छ। द्वन्द्वका कारकतत्वका रूपमा रहेका संरचनागत समस्याहरू यथोचित रूपमा सम्बोधन गर्न राज्यलाई जवाफदेही बनाउने उद्देश्यअनुरूप काम भएको भए कुशासन, आर्थिक तथा सामाजिक अधिकारबाट वञ्चिती एवं सामाजिक अन्यायको अवस्था सिर्जना हुने थिएन। त्यस्तो अबस्थामा जेनजी आन्दोलनको पनि आवश्यकता पर्ने थिएन ।

ती मागहरूलाई गम्भीरतापूर्वक लिई वर्तमान सरकारले संक्रमणकालीन न्याय प्रक्रियालाई सच्याउने विषयलाई कार्यसूचीमा समेट्न जवाफदेहिता निगरानी समिति माग गर्दछ। साथै, जेन–जी आन्दोलनका क्रममा भाद्र २३ र २४ गते भएका उल्लङ्घन र ज्यादतीका घटनाहरूको जाँचबुझ गरी सत्य, न्याय र परिपूरण सुनिश्चित गर्न गठित कार्की आयोगले अधुरो छाडेको कामलाई पूर्णता दिन अर्को समिति गठन गर्ने कुरा


कार्यसूचीमा समेटिएको देखिन्छ। तर उक्त समिति जाँचबुझ आयोग ऐनअन्तर्गत गठन हुने, त्यस समितिमा स्वतन्त्र विज्ञहरू रहने, बोधगम्य कार्यादेश, पर्याप्त कार्यावधि तथा आवश्यक साधन–स्रोत उपलब्ध गराइने कुरा सरकारले सुनिश्चित गर्नु पर्दछ। सरकारको दबाब, प्रभाव र प्रत्यक्ष छायाँमा गरिने छानबिनले फेरि पनि विश्वसनीयता आर्जन गर्न नसक्ने तथ्यलाई गम्भीरतापूर्वक मनन गर्नु आवश्यक छ।

त्यसैगरी, कार्की आयोग प्रतिवेदनका सिफारिसहरूको कार्यान्वयन फौजदारी अनुसन्धान तथा अभियोजन प्रणालीअन्तर्गत पूर्णतः स्वतन्त्र र स्वायत्त रूपमा सम्पन्न हुने कुरा सुनिश्चित गर्नुपर्छ। राजनीतिक तहबाट प्रत्यक्ष वा परोक्ष रूपमा पीडकको प्राथमिकीकरण र वर्गीकरण गरी अनुसन्धान सञ्चालन गर्ने अभ्यास विश्वसनीय हुँदैन। तसर्थ, अनुसन्धान र अभियोजनको विश्वसनीयता तथा प्रभावकारिता सुनिश्चित गर्न जवाफदेहिता निगरानी समिति हार्दिक आह्वान गर्दछ।

आम चासो र सरोकारको संविधान संशोधनको विषय पनि कार्यसूचीमा समावेश गरिएको छ। यसलाई जेन–जी आन्दोलनका सन्दर्भमा सरकारसँग भएको सम्झौताको मर्म र भावना अनुरूप स्वतन्त्र विज्ञहरू सम्मिलित संविधान पुनरावलोकन तथा सुझाव आयोग गठन गरी विश्वसनीय ढंगले अघि बढाउन, यो गहन विषयलाई हलुका र यान्त्रिक नबनाउन पनि निगरानी समिति आह्वान गर्दछ।

साथै, राजनीतिक आस्थाको आधारमा खोलिएका ट्रेड युनियन तथा विद्यार्थी संगठनहरूको खारेजीजस्ता कुनै पनि सार्वजनिक महत्वका विषयमा निर्णय गर्दा सम्बन्धित सरोकारवालाहरूसँग परामर्श गरी यथासम्भव उनीहरूलाई विश्वासमा लिने तथा स्वेच्छाचारी र एकांगी निर्णय गर्ने प्रवृत्ति अन्त्य गर्न तथा संवैधानिक प्रत्याभूति एवं सुशासनका स्थापित मान्यताको परिपालना सुनिश्चित गर्न पनि जवाफदेहिता निगरानी समिति हार्दिक आह्वान गर्दछ।

**जवाफदेहिता निगरानी समितिको तर्फबाट मानवअधिकारकर्मिहरुः**



*राजुप्रसाद चापागाई (संयोजक), राजन कुईंकेल (सहसंयोजक), रुकमनी महर्जन (सहसंयोजक), सदस्यहरूः चरण प्रसाई, डा. गौरीशंकरलाल दास, डा. मन्दिरा शर्मा, दिनेश त्रिपाठी, सुमन अधिकारी, देवी सुनुवार, बाबुराम गिरी, डा. विरेन्द्र थपलिया, जनकबहादुर राउत, इन्द्रप्रसाद अर्याल, विकास बस्नेत, अनिता थपलिया, भक्त विश्वकर्मा, बद्रीप्रसाद भुसाल, निराजन थपलिया, काशीराम ढुंगाना, लक्ष्मी पोखरेल, पुष्पराज पौडेल, सन्तोषबाबु सिग्देल, कमला पन्थी, रेश्मा थापा, डा. मुकुन्द कट्टेल, डा. देवेन्द्र प्रसाद अधिकारी, अनुपा अर्याल, ओजस्वी के.सी*